नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**
**सौर्य तथा वायु ऊर्जा शाखा**
**ताहाचल, काठमाडौं, नेपाल । फोन नं. ०१–४५९८०१३ र १४**
**सुचना प्रकाशित मिति: २०८१/१२/०८**

**<u>कृषि सिंचाइका लागि सौर्य सिंचाइ प्रणाली अन्तर्गत छनौट भएका आयोजनाहरु कार्यान्वयनका लागि म्याद थप गरिएको सम्बन्धमा ।</u>**

नेपाल सरकार, ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय अन्तर्गत रहेको वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको चालु आ.व. २०८१/८२ को बार्षिक कार्यक्रममा सौर्य सिंचाइ प्रणाली जडान गर्ने कार्यक्रम रहेको छ। उक्त कार्यक्रम कार्यान्वयनका लागि यस केन्द्रले मिति:२०८१/११/२३ मा प्रकाशित व्यक्तिगत तथा सामुदायिकमा आधारित सौर्य सिंचाइ आयोजना कार्यान्वयन सम्बन्धि सूचना अनुसार, परियोजनाको स्थलगत निरक्षण तथा प्रमाणिकरणका लागि तोकिएको समयावधि निम्नानुसार थप गरि परिमार्जन गरिएको छ।

बुँदा नं. ३. यदि आयोजना रु ५,००,०००.०० (अक्षरुपि: रुपैंया पाँच लाख मात्र) को अधिनमा रहेमा कृषक/उपभोक्ताले स्वीकृत आयोजनाको प्रारम्भिक संभाव्यता अध्ययनको आधारमा अनुदान बाहेकको रकमको स्रोत सुनिश्चितता गरी उपभोक्ता स्वंयले प्रचलित खरिद ऐन तथा नियमावली बमोजिम केन्द्रबाट मान्यता प्राप्त कम्पनीहरु मध्येबाट प्रणाली जडान गर्नुपर्नेछ र यसको लागि कृषक/उपभोक्ताले यस केन्द्रसँग सूची प्रकाशित भएको मितिले **२५** दिन भित्र सम्झौता गर्नुपर्ने छ ।

**बुँदा नं. ४. यदि आयोजना रु ५,००,०००.०० (अक्षरुपि: रुपैंया पाँच लाख मात्र) भन्दा माथि रहेमा कृषक/उपभोक्ताले केन्द्रले तोकेको ढाँचामा सो लगानीमा परामर्शदाता मार्फत विस्तृत संभाव्यता अध्ययन (DFS) गराई सूचि प्रकाशित भएको मितिले ३५ दिन भित्र DFS प्रतिवेदन केन्द्रमा बुझाउनु पर्नेछ । विस्तृत संभाव्यता अध्ययन प्रतिवेदन केन्द्रले मूल्यांकन गरी उचित देखिएमा केन्द्रले जडान स्वीकृती प्रदान गर्नेछ। यसरी स्वीकृत आयोजनाहरुको कृषक/उपभोक्ताले यस केन्द्रसँग सूचि प्रकाशित भएको मितिले ५० दिन भित्र सम्झौता गर्नुपर्ने छ । कृषक/उपभोक्ता स्वंयले प्रचलित खरिद ऐन तथा नियमावली बमोजिम केन्द्रबाट मान्यता प्राप्त कम्पनीहरु मध्येबाट प्रणाली जडान गर्नुपर्नेछ।**